## गैर आबासिय नेपाली संङ्घ (एन आर एन) जापान निर्वाचन समितीको प्रतिवेदन

मिति: १० मे २००८, टोक्यो जापान

मे ४ २००८ मा गैर आबासिय नेपाली संङ्घ (एन आर एन) जापानको दोश्रो अधिवेशन भब्यताका साथ सम्पन्न गर्न डा दिनेश मानन्धर संयोजक, अधिवक्ता राम कुमार गिरी, अधिवक्ता नवराज थपलिया, अधिवक्ता बलराम श्रेष्ठ तथा डा हेमन्त दवाडी सदस्य रहनु भएको निर्वाचन समिती गठन भएकोमा विभिन्न मितीमा निर्वाचन समितीले वैठक वसि निर्वाचन सम्बन्धि कार्यविधि तय गर्दै आचार संहिता बनाउदै निर्वाचनलाई अगाडी वढायो। सदस्यद्वय दवाडी ज्यू ब्यक्तिगत कारणले गर्दा नेपाल बात जापान आउन सक्नु भएन भने श्रेष्ठ ज्यू निर्वाचनको दिनमा टोक्योमा उपस्थित हुन सक्नु भएन।

४-मे चुनावको दिन दिनको १२:०० बजे उम्मेदबारी दर्ता समय सम्ममा अध्यक्ष एक पदमा दूई (२) जना, उपाध्यक्ष दूई पदमा नौ (९) जना, महासचिव (राष्ट्रिय संयोजक) एक पदमा तीन (३) जना, सचिव (राष्ट्रिय सह संयोजक) एक पदमा चार (४) जना, कोषाध्यक्ष एक पदमा तीन (३) जना, सदस्य नौ पदमा चौबीस (२४) जना उम्मेदबारहरु गरि जम्मा पैंतालिस (४५) जना उम्मेदबातहरुले नाम दर्ता गराउनु भएकोमा महासचिव पदका उम्मेदबार श्री भुषण घिमिरे, सचिब पदका उम्मेदबारहरु श्री जिज्ञान थापा, श्री सुकुमान थिङ्ग तामाङ्ग, श्री पारस मणि पोखरेलले आ-आफ्नो उम्मेदबारि फिर्ता लिनुभएको थियो। सचिब पदको उम्मेदबारि फिर्ताबाट श्री राजेन्द्र प्रशाद भट्टराई एक जना मात्र सचिब पदकोलागि उम्मेदबारि दर्ता हुनुभएकोले वहाँ निर्विरोध निर्वाचित हुनुभयो।

मतदान कूल पन्ध्र (१५) पदकोलागि एकचालिस (४१) उम्मेदबारहरुको बीचमा भएको थियो। मतदान दिनको १५:४५ बजे शुरु भई बेलुकी १९:३० बजे सम्पन्न भयो। मतदानमा उत्साहपूर्ण सहभागिता थियो भने मतदानको शुरुको समयमा झण्डै एक घण्टा जति मतदाताहरु लाईनमा बस्नु परेको थियो। मतदानमा भाग लिन दि्ष्टिबिहिन साथी, बेग्लै रुपमा सक्षम (Differently Able) साथी, स-साना नानीहरु साथमा लिएर आउनु भएका महीलाहरु तथा नेपालीहरु संग विवाह भएका जापानी महीला तथा पुरुषहरुको समेत उत्साहजनक रुपमा सहभागिता भएको थियो। मतदान स्थलमा करिब पन्ध्र सय (१५००) जना जतिको उपस्थित भएको अनुमान गरिएको छ।

मतदान सम्पन्न भएपछि जापानमा रहेका प्रमुख राजनैतिक पार्टी तथा संघ संस्थाको सर्वपछिय वैठक वसि आम सहमतिमा टोक्योको एउटा नेपाली रेष्टुराँमा राती २३:०० बजेबाट मत गणना कार्य शुरु गरी भोलिपल्ट मे ५ को बिहान ७ बजे मत गणना कार्य सम्पन्न गरी एक घोषणा सभा मार्फत् मतगणना परिणाम सार्बजनिक गरियो।

मतदान सम्बन्धि बिबरण तपशिल वमोजिम छ।

| | |
|---|---|
| **कूल खसेको मत** | **१३१६** |
| **कूल सदर मत** | **१२३६** |
| **कूल बदर मत** | **८०** |

उम्मेदवारहरुले प्राप्त गरेको मतसंख्या विवरण:

| गैर आवासिय नेपाली संङ्घ (एन आर एन) जापानको मतदान परिणाम | | | | |
|---|---|---|---|---|
| ५-मे-२००८ | | | | |
| अध्यक्ष | १ | भवन भट्ट | 708 | विजयी |
| | २ | महेश कुमार श्रेष्ठ | 522 | |
| | | | | |
| उपाध्यक्ष | १ | ओम(अजिव) गुरुङ्ग | 568 | विजयी |
| | २ | लाल वहादुर के सी (रोशन) | 322 | विजयी |
| | ३ | मन वहादुर खत्री (मोहन खत्री) | 250 | |
| | ४ | डा शंकर मान श्रेष्ठ | 246 | |
| | ५ | अरुण कुमार श्रेष्ठ | 219 | |
| | ६ | कपिल देव थापा | 218 | |
| | ७ | किशोर चन्द्र खनाल | 176 | |
| | ८ | पाण्डवराज कार्की | 111 | |
| | ९ | प्रकाश चन्द्र दवाडी | 108 | |
| | | | | |
| महासचिव | १ | डा सुदिप अधिकारी | 596 | विजयी |
| | २ | वेलु थापा | 460 | |
| | | | | |
| सचिव | १ | राजेन्द्र प्रशाद भट्टराई | | निर्विरोध निर्वाचित |
| | | | | |
| कोषाध्यक्ष | १ | शालिक राम भण्डारी | 495 | विजयी |
| | २ | चिरञ्जिवी थापा | 440 | |
| | ३ | सुवन वज्राचार्य | 170 | |

**गैर आवासिय नेपाली संङ्घ (एन आर एन) जापानको मतदान परिणाम, सदस्यहरु**

**५-मे-२००८**

| | | | | |
|---|---|---|---|---|
| सदस्यहरु | १ | सुदन कुमार थापा | 574 | विजयी |
| | २ | शान्ति डंगोल | 532 | विजयी |
| | ३ | लोकनाथ वस्ती | 513 | विजयी |
| | ४ | हर्क गुरुङग | 483 | विजयी |
| | ५ | सफला घिताल | 458 | विजयी |
| | ६ | वावुराम सापकोटा | 425 | विजयी |
| | ७ | कुमारी गर्वुजा (पुन) | 423 | विजयी |
| | ८ | नर वहादुर थापा | 396 | विजयी |
| | ९ | स्वतन्त्र पौडेल | 395 | विजयी |
| | १० | राम शरण रेग्मी | 378 | |
| | ११ | सुनिल कुमार शाक्य | 367 | |
| | १२ | ईश्वर मथुरा जोशी | 363 | |
| | १३ | रोविन्द श्रेष्ठ (गोविन्द) | 348 | |
| | १४ | पदम वीर गुरुङग | 340 | |
| | १५ | विष्णुराज के सि | 317 | |
| | १५ | विनोद पोखरेल | 317 | |
| | १६ | प्रभु राम भट्टराई | 316 | |
| | १७ | राजीव श्रेष्ठ | 298 | |
| | १८ | राम कुमार वस्नेत | 277 | |
| | १९ | घन श्याम ज्ञवाली (शंकर) | 274 | |
| | २० | छत्र मगर (योसिदा) | 267 | |
| | २१ | केशर कुमार गिरी | 265 | |
| | २२ | विश्व नाथ शर्मा | 213 | |
| | २३ | प्रल्हाद सिंह महत | 211 | |

मत परिणाम सार्वजनिक भएपछि नव निर्वाचित अध्यक्ष लगायत अन्यलाई अध्यक्ष पदका प्रत्याशी महेश कुमार श्रेष्ठ, गैर आबासिय नेपाली संङ्घ, अन्तर्राष्ट्रिय समन्वय परिषद (एन आर एन, आई सी सी) का उपाध्यक्ष देवमान हिराचन, केन्द्रीय सदस्यहरु किरण विक्रम थापा, डा कुमार बस्नेत, गैर आबासिय नेपाली संङ्घ, जापानका निवर्तमान अध्यक्ष राजन

प्रधानाङ्ग लगायत निर्वाचन समिती तथा अन्य उपस्थित महानुभावबहरुबाट टीका लगाइ दिने कार्य सम्पन्न भयो।

निर्वाचन समिति निर्वाचन सम्पन्न गर्न मद्दत गर्नु भएका कार्यकारीणि समितीका सदस्यहरु, गैर आबासिय नेपाली संङ्घ, अन्तर्राष्ट्रिय समन्वय परिषद (एन आर एन, आई सी सी) का सदस्यहरु, बिभिन्न संङ्घ संस्थाका सदस्यहरु, राजनैतिक पार्टीका सदस्यहरु, उम्मेदबारहरु, संचारका साथीहरु, मत गणना गर्न सहयोग गर्ने साथीहरु तथा अन्य स्वयं सेवक साथीहरुमा हार्दिक धन्यवाद ब्यक्त गर्दछ।

| --------------------- | ------------------------- | ------------------------- |
|---|---|---|
| डा दिनेश मानन्धर<br>संयोजक | अधिवक्ता नवराज थपलिया<br>सदस्य | अधिवक्ता राम कुमार गिरी<br>सदस्य |